# शिवसताक्षी राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड२ ) झापा, असाढ २० गते,  २०८१ साल ( संख्या १

## भाग १

स्थानीय सरकार

शिवसताक्षी नगरपालिका

शिवसताक्षी नगरपालिका " **नगर जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५** " लाइ संशोधन गर्न बनेको ऐन,२०८१

**प्रस्तावनाः**

शिवसताक्षी नगरपालिका " **नगर विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५"** लाइ संशोधन गर्न वाञ्छनीय भएकोले,

शिवसताक्षी नगरपालिकको नगरसभाले यो ऐन बनाएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शिवसताक्षी नगरपालिका नगर विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन (प्रथम संसोधन),२०८१ " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. ऐनको दफा ३ को उपदाफ(२) बमोजिमको नगर विपद् व्यवस्थापन समितिमा संसोधनः**

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) शिवसताक्षी नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका इलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

(ङ) नगर प्रहरी प्रमुख - सदस्य

(च) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) सदस्य

(छ) निजी क्षेत्रको उद्योग वाणिज्यसम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

(ज) नगर स्काउट समित संयोजक

(झ) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

**३ ऐनको दफा ३ को उपदाफ(३) मा संसोधनः** (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (घ) (च), (छ), (ज), का सदस्यहरूको अनुपस्थितिमा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन

आज्ञाले
अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत